# कुम्मायक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
यासोक, पाँचथर

प.सं. :- ०७८/७९
च.नं. :-

१ नं. प्रदेश, नेपाल


## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धि सूचना !!

सूचना प्रकाशित मिति: २०७८।०९।०२

प्रस्तुत विषयमा यस कुम्मायक गाउँपालिकाको लागि तपशिलको संख्या र योग्यता भएको कर्मचारी करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेको इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र माग बमोजिमको विवरण र यस गाउँपालिकाको राजश्व शाखामा राजश्व तिरेको रसिद वा मेगा बैकमा रहेको कुम्मायक गाउँपालिका आन्तरिक राजश्व खाता नं. ०९६०००१०३७३४७४ मा जम्मा गरेको भौचर सहित दरखास्त दिनुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल:

| क्र.सं. | विज्ञापन नं. | पद | तह | जम्मा माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०८।२०७८।०७९ | सूचना प्रविधि अधिकृत | अधिकृतस्तर छैठौ वा सो सरह | १ | |
| २ | ०९।२०७८।०७९ | कम्प्युटर अपरेटर | सहायकस्तर पाचौं वा सो सरह | १ | |

**१. सूचना प्रविधि अधिकृतको हकमा योग्यता:** लोक सेवा आयोगले लिने " कम्प्युटर अधिकृत" पदको न्युनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information and Communication Technologies वा सो सरहको विषयहरुमध्ये कुनै एक बिषय लिई स्नातक (BIT, BBIS,BCA-IT, BIM, BCIS, BEIT, Bsc.CSIT, BE, Electronics and Communication Engineering वा BTech Electronics and Communication Engineering) उपाधी प्राप्त गरेको हुनुपर्ने छ।

**२.कम्प्युटर अपरेटरको हकमा योग्यता :** लोकसेवा आयोगले तोकेको न्युनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उतीर्ण गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा ६ महिना कम्प्युटर सम्बन्धी तालिम प्राप्त गरेको।

**३. आवश्यक कागजात:** व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र (नेपाल बाहिरको प्रमाणपत्र भएमा नेपालको विश्वविद्यालयबाट समकक्षता निर्धारण गरिएको प्रमाण), दुई प्रति पासपोर्ट साइजको फोटो, कार्य अनुभवको प्रमाणपत्रहरु स्वयं उम्मेद्वारले दस्तखत गरेर प्रमाणित गरी पेश गर्नुपर्नेछ।

**४. कार्यविवरण:**

**सूचना प्रविधि अधिकृत :** प्रदेश तथा स्थानीय सरकार सहयोग कार्यक्रम (PLGSP) को शर्त, कुम्मायक गाउँपालिकाको सूचना प्रविधि अधिकृतले सम्पादन गर्नुपर्ने स्वीकृत कार्यविवरण अनुसारका सबै कार्यहरु, आवश्यकता अनुसार थपघट हुन सक्नेछ।

**कम्प्युटर अपरेटर:** स्वीकृत कार्यविवरण अनुसारका सबै कार्यहरु, आवश्यकता अनुसार थपघट हुन सक्नेछ।

**५. परिक्षाको किसिम:** संक्षिप्त सूची, लिखित, प्रयोगात्मक र अन्तर्वार्ता।

**६. दरखास्त दिने अन्तिम मिति:** २०७८।०९।१६ गते कार्यालय समयसम्म।

**७. उमेर :** लोकसेवा आयोगले तोकेबमोजिम।

**८. आवेदन दस्तुर:** सूचना प्रविधि अधिकृतको हकमा रु. १००० र कम्प्युटर अपरेटरको हकमा रु. ४००

**९. तलव:** नेपाल सरकारले तोकेको सम्बन्धित तहको सुरु तलब स्केल बराबर हुनेछ।

**१०. परिक्षाको मिति:** संक्षिप्त सूची प्रकाशित गरेपश्चात जानकारी गराइनेछ।

**११. सेवा करार अवधी:** २०७९ असार मसान्त सम्म।

(रितपूर्वक प्राप्त नभएका र म्याद नाघि आएका दरखास्त उपर कुनै कारबाहि हुने छैन। माथि उल्लेखित बुँदाहरु बाहेकका अन्य बिषय प्रचलित कानुन बमोजिम हुनेछ। आवेदन फाराम यस गाउँ कार्यपालिकाको कार्यालयमा कार्यालय समयभित्र प्राप्त गर्न सकिनेछ।)

प्रमुख प्रशासकीय अधिकृत



फोन: ०२४-४१३०६१

ई-मेल: info@kummayakmun.gov.np वेवसाइट: www.kummayakmun.gov.np



Scanned with CamScanner